बैठक संख्याः ४/२०८१/०८२

मितिः २०८१/०७/१४

समयः बिहान ११ बजे

स्थानः भूमे गाउँपालिका, गाउँ कार्यपालिकाको बैठक कक्ष

भूमे गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खावाङबगर, रुकुम (पूर्व) लुम्बिनी प्रदेश, नेपाल २०७३

भूमे गाउँपालिकाका अध्यक्ष श्री **होम प्रकाश श्रेष्ठ**ज्यूको अध्यक्षता र देहायका कार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठक बसी पेश भएका प्रस्तावहरु उपर छलफल गरी देहाय बमोजिम निर्णय गरियो ।

उपस्थितिः

| क्र.सं. | दस्तखत | नाम थर | पद | कार्यालय |
|---|---|---|---|---|
| १ | | होम प्रकाश श्रेष्ठ | अध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| २ | | सविना बुढा | उपाध्यक्ष | गाउँ कार्यपालिकाको कार्यालय |
| ३ | | मनकाजी पुनमगर | वडा अध्यक्ष | १ नं. वडा कार्यालय |
| ४ | | नारायण पुनमगर | वडा अध्यक्ष | २ नं. वडा कार्यालय |
| ५ | | प्रशुराम बुढा | वडा अध्यक्ष | ३ नं. वडा कार्यालय |
| ६ | | श्याम प्रसाद बुढा | वडा अध्यक्ष | ४ नं. वडा कार्यालय |
| ७ | | टेक प्रसाद बुढा | वडा अध्यक्ष | ५ नं. वडा कार्यालय |
| ८ | | विक्रम पुन मगर | वडा अध्यक्ष | ६ नं. वडा कार्यालय |
| ९ | | संगम रोका | वडा अध्यक्ष | ७ नं. वडा कार्यालय |
| १० | | दिनेश रोका | वडा अध्यक्ष | ८ नं. वडा कार्यालय |
| ११ | | विनोद बुढा | वडा अध्यक्ष | ९ नं. वडा कार्यालय |
| १२ | | सुनकुमारी रोका | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १३ | | भिमला वि.क. | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १४ | | फोमली बुढा | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १५ | | भारती नेपाली | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १६ | | भागिलाल दमाई | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १७ | | जीत बहादुर कामी | कार्यपालिका सदस्य | भूमे गाउँपालिका |
| १८ | | देविलाल बिक | प्रमुख प्रशासकीय अधिकृत/ सचिव | गाउँ कार्यपालिकाको कार्यालय |
| अन्य | | | | |
| | | | | |
| | | | | |
| | | | | |

## भूमे गाउँपालिका, रुकुम (पूर्व)

## बैठक सं. २/०८१-८२ मिति २०८१/०७/१४ को कार्यपालिका बैठकको प्रस्ताव तथा निर्णयहरुको संक्षिप्त व्यहोरा किताब

**निर्णय नं. १:**

गाउँ कार्यपालिकाको चालु आर्थिक वर्ष २०८१/०८२ को बैंठक संख्या ३ को निर्णय कार्यान्वयनको समीक्षा गर्दा ६ वटा निर्णयहरुमध्ये ५ वटा निर्णय कार्यान्वयन भएको खुशी व्यक्त गर्दै बाँकी निर्णय कार्यान्वयन गर्दा रचनात्मक पक्षमा जोड दिनुपर्ने निश्कर्ष निकालियो।

**निर्णय नं. २:**

गाउँ कार्यपालिकाको कार्यालय अन्तर्गतका विषयगत शाखा / इकाई / वडा कार्यालय र स्वास्थ्य संस्थाहरुले अघिल्लो महिनामा सम्पादन गरेका कार्यहरुको समिक्षा गर्दा कार्यप्रगति र सेवा प्रवाहको अवस्था सन्तोषजनक नै रहेको पाइयो।

**निर्णय नं. ३:**

गाउँपालिका अन्तर्गतका कार्यालयमा शेवाकरार तथा ज्यालादारीमा कार्यरत कर्मचारी(गाउँपालिकाबाट नियुक्तको हकमा तीन महिनाको म्याद थप करार सम्झौता गर्ने निर्णय गरियो साथै तपसिल बमोजिमको जनशक्तिको व्यवस्थापन शेवा करारबाट गर्ने निर्णय गरियो ।

तपसिल

| क.स | पदको नाम | तह/श्रेणी तह | सेवा/समुह | कैफियत |
|---|---|---|---|---|
| १ | नेत्र सहायक | पाँचौं | स्वास्थ | - |
| २ | अप्टिकल फिटर | चौथो | स्वास्थ | - |
| ३ | अमिन | चौथो | ईन्जिनियरिङ | - |
| ४ | कानुन सहजकर्ता | पाँचौं | कानुन | - |
| ५ | अ.स.ई. | चौथो | ईन्जिनियरिङ/सिभिल | - |
| ६ | ६ नं वडा कार्यालय सहयोगी | श्रेणी विहिन | - | - |

**निर्णय नं. ४:**

भूमे गाउँपालिकाको "घ" बर्गको निर्माण व्यवसायी इजाजत सम्वन्धी कार्यविधि, २०७४ को दफा २(१) बमोजिम सार्वजनिक निर्माण कार्य गर्न इजाजत पत्रको लागि कार्यालय समक्ष पेश भएको दरखास्त उपर कार्यविधिको अनुसुची ५ बमोजिम योग्यता भए/नभएको सम्वन्धमा जाँचबुझ समितिबाट सिफारिस भई आए बमोजिम श्री टि.एस. निर्माण सेवा एण्ड सप्लायर्स प्रा.लि. लाई "घ" बर्गको निर्माण व्यवसायी इजाजत दिने निर्णय गरियो ।

**निर्णय नं. ५:**

भूमे गाउँपालिका वडा नं. ६ स्थायी बसोबास गर्ने तपसिल विवरण भएको व्यक्तिहरुलाई प्राविधिक विषय अध्ययन गर्नको लागि भूमे गाउँपालिकाको शैक्षिक ऋण सम्वन्धी निर्देशिका २०७७, (प्रथम संशोधन २०८०) वमोजिम कर्जा प्रवाह गर्ने निर्णय गरियो ।

तपसिल

| क.स | नामथर | ठेगाना | अध्ययन गर्ने संस्थान | बाबुको नाम | कैफियत |
|---|---|---|---|---|---|
| १ | सनम सुनार | भूमे-६ | स्कुल अफ मेडिकल साईन्स | राज बहादुर सुनार | |
| २ | सीज वुढा | भूमे-६ | पुर्नजीवन रिसस सेन्टर | | |

निर्णय प्रमाणित गर्दछु।
हस्ताक्षर:
मिति:
पद:

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | गौप्रसाद विक | भूमे-८ | | | |

**निर्णय नं. ५:**

भूमे गाँउपालिकको अपाङ्गता भएको व्यक्तिको परिचय-पत्र वितरण सम्वन्धी कार्यविधि, २०७५ को दफा ६ वमोजिम भूमे गाँउ कार्यपालिकाको मिति २०८०-०६-०४ को बैठकबाट गठन भएको स्थानीय समितीले बिगत ६ महिना देखि परिचय-पत्र वितरण गर्न असमर्थ भएको हुनाले भूमे गाँउपालिकको अपाङ्गता भएको व्यक्तिको परिचय-पत्र वितरण सम्वन्धी कार्यविधि, २०७५ को दफा ६ स्थानीय समन्वय समितिलाई अपाङ्गता भएको व्यक्तिको परिचय-पत्र वितरण कार्य अविलम्ब सुरु गर्न निर्देशन दिने निर्णय गर्ने गरियो ।

निर्णयमा फरक मतको अभिलेख

| प्रस्ताव नं. | फरक मत राख्ने सदस्यको नाम र पद | फरक मतको बेहोरा | कैफियत |
|---|---|---|---|
| | | | |

निर्णय प्रमाणित गर्दछु ।
हस्ताक्षर:
मिति : २०८१।०७।१४
पद :